# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आ.व. २०७५।०७६ मा सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका १०, स्थित श्री हिरादेवी आधारभुत विद्यालयमा शुद्व खानेपानी तथा स्वच्छ विद्यालय कार्यक्रमको लागि शिक्षा विकास निर्देशनालय प्रदेश नं. ३, हेटौडाबाट प्राप्त भएको १०,००,०००।- (दश लाख) बाट सम्झौता हुदा तयार पारिएको लागत अनुमान अनुसारको काम नगरी प्र.अ. गणेश दाहाल र वडा अध्यक्ष भक्त बहादुर खड्कासमेतले मेलम्ची नगरपालिका र रेडक्रसबाट प्राप्त रकमबाट पहिला नै भएको काम देखाई किर्ते रेकर्ड बनाई रकम हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा हिरादेवी आधारभुत विद्यालयका लागि शुद्व खानेपानी तथा स्वच्छ विद्यालय कार्यक्रमको कार्यसम्पन्न भएको भनी मेलम्ची नगरपालिकाका इन्जिनियर राजेश कुमार शर्मा र सव-इन्जिनियर अनन्त दुलालले सम्झौता अनुसारको काम सम्पन्न नहुदैको अवस्थामा कार्यसम्पन्न भएको भनी प्रतिवेदन तयार गरेको र हिरादेवी आधारभुत विद्यालयका प्रधानाध्यापक गणेश दाहालले विद्यालय व्यवस्थापन समितिबाट मिति २०७६।०३।१३ गते कार्यसम्पन्न भएको निर्णय गराई शिक्षा विकाश निर्देशनालय प्रदेश नं. ३, हेटौडाबाट वाँकी रकम भुक्तानी माग गर्ने निर्णय गरी भुक्तानीसमेत लिई सम्झौता रकम रु. १०,००,०००।- (दश लाख) मध्ये रु. ५,७४,३६०।- विद्यालयको वैंक खातामा नै रहेको भएता पनि शुद्व खानेपानी तथा स्वच्छ विद्यालय कार्यक्रममा सामान खरिदको बिल, कार्य सम्पन्न प्रतिवेदनसमेतका कागजात झुठा बनाई काम नै नभएको रकम भुक्तानी लिने कार्य गरी मेलम्ची नगरपालिकाका इन्जिनियर राजेश कुमार शर्मा, सव-इन्जिनियर अनन्त दुलाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम बहादुर चापागाई र हिरादेवी आधारभुत विद्यालयका प्रधानाध्यपक गणेश दाहालको मिलोमतोमा काम नै नभएको योजनाको काम सम्पन्न भएको भनि भुक्तानी लिने काम गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने वदनियतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु. ६,६२,३९५।०८ (छ लाख बैसठी हजार तीन सय पन्चानव्बे र आठ पैसा) कायम गरी निजहरु प्रेम बहादुर चापागाई, राजेश कुमार शर्मा, अनन्त दुलाल, गणेश दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी हिनामिना हानिनोक्सानी भएको बिगो रकम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम प्रतिवादीहरुबाट असूल उपर हुन मागदावी लिइएको छ ।

यसैगरी सिन्धुपाल्चोक जिल्ला, मेलम्ची नगरपालिका वडा नं. ११ स्थित एन.पि. हार्डवयरका प्रोपाईटर प्रकाश दाहालले हिरादेवी आधारभुत विद्यलायलाई बिक्री नै नगरेका निर्माण समाग्रीसमेतको बिल जारी गरी आफु वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उप-दफा (४) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु. १,०३,२८२।- (एक लाख तीन हजार दुई सय वयासी) कायम गरी निज प्रकाश दाहाललाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन हानिनोक्सानी भएको बिगो रकम असुलउपर गरी जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला